नेपाली

Vol.33 | 2023.06

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation



## [जुन महिनाको नियमित बालबालिका भत्ता ट्रान्सफर सम्बन्धी सूचना]



जुन महिनाको रकम ट्रान्सफर मिति: 2023 साल फेब्रुअरी~मे महिनाको रकम, जुन 9 तारिखमा ट्रान्सफर गरिनेछ।

● **बालबालिका भत्ता (सीमा रकम भन्दा कम आय भएको व्यक्ति)**

| उमेर वर्गीकरण | भुक्तानी रकम (मासिक) |
|---|---|
| 3 वर्ष भन्दा कम उमेर (सबै बच्चाहरू) | 15,000 येन |
| 3 वर्ष वा सोभन्दा बढी~प्राथमिक विद्यालय स्नातक अगाडि (पहिलो र दोस्रो बच्चा) | 10,000 येन |
| 3 वर्ष वा सोभन्दा बढी~प्राथमिक विद्यालय स्नातक अगाडि (तेस्रो बच्चा वा सोभन्दा पछिका बच्चाहरू) | 15,000 येन |
| निम्न माध्यमिक विद्यालयको विद्यार्थी | 10,000 येन |

● **विशेष अवस्था भत्ता**

(सीमा रकम वा सोभन्दा बढी आय र सीमा रकम भन्दा कम आय भएको व्यक्ति)

सबै बच्चाहरूको लागि...मासिक 5,000 येन

बाल सेवा सहायता शाखा, बाल चिकित्सा कर्मचारी

☎ 03-5744-1275

FAX 03-5744-1525



# [शिक्षा परामर्श कक्ष सम्बन्धी जानकारी ~आफ्ना चिन्ताहरूबारे कुरा गरेर हेरौं~]

बच्चाको शिक्षा, स्वभाव, व्यवहार तथा गतिविधिसँग सम्बन्धित चिन्ता, विकासात्मक अपाङ्गता, इजिमे (तर्साउने, हेप्ने आदि गरी पीडा दिइने कार्य), साथीसँगको सम्बन्ध र अध्ययन तथा उच्च शिक्षा सम्बन्धी चिन्ता आदिको बारेमा फोन र अन्तर्वार्ताद्वारा परामर्श दिइन्छ।



©Ota City

**दायरामा पर्ने व्यक्तिहरू**

- ओता सहरमा बसोबास गर्नुहुने अनिवार्य शिक्षा पूरा नगरेका शिशु, विद्यार्थी तथा अभिभावकहरू
- विद्यालयमा जान नसक्ने बच्चाहरू जाने चुबासा क्लासमा भर्ना हुन चाहने शिशु तथा विद्यार्थीहरू

**परामर्श विधि**

- अग्रिम रूपमा फोनद्वारा आवेदन दिई, क्लासमा आउने मितिमा नाम लेखाउनुहोस्।
- फोनद्वारा दिइने परामर्श पनि सधैं उपलब्ध हुनेछ।

*जापानी भाषा बुझ्ने व्यक्तिलाई सम्पर्क गर्न लगाउनुहोस्।
साथै दोभासे आवश्यक अवस्थामा, अग्रिम रूपमा सम्पर्क गर्नुहोस्।

**परामर्श मिति र समय**

सोमबार~शुक्रबार 9:00 am~7:00 pm
शनिबार र आइतबार 9:00 am~5:00 pm
*वर्षको अन्त्य तथा सुरुको अवधि र सार्वजनिक बिदाको दिन बाहेक

ओता सहर शिक्षा केन्द्र शिक्षा परामर्श कक्ष
☎ 03-5748-1201 FAX 03-5748-1390

# [बच्चा जन्मेपछि बसोबास योग्यताको लागि आवेदन दिनुहोस्]

जापानमा बच्चाको जन्म भई निम्न सर्तहरूमा पर्ने खण्डमा, उक्त बच्चाको जन्म दिनदेखि 30 दिन भित्र टोक्यो अध्यागमन ब्यूरोमा बसोबास योग्यताको लागि आवेदन दिनुपर्छ।

- बच्चाको राष्ट्रियता जापानी नभएको खण्डमा
- जन्मेपछि 60 दिन वा सोभन्दा बढी जापानमा बसोबास गर्ने खण्डमा

[आवेदन दर्ता स्थान]
टोक्यो अध्यागमन ब्यूरो
टोक्यो महानगरपालिका मिनातो
सहर कोनान 5-5-30
☎ 0570-034259

पारिवारिक निवासी दर्ता शाखा ☎ 03-5744-1187 FAX 03-5744-1701

# [कर लाग्ने (छुट) प्रमाणपत्र र कर भुक्तानी प्रमाणपत्र जारी गर्न सकिन्छ]

नयाँ आर्थिक वर्ष (2023 साल) को निवासी कर (विशेष सहर निवासी कर तथा जिल्ला निवासी कर) लाग्ने (छुट) प्रमाणपत्र र कर भुक्तानी प्रमाणपत्र जारी गर्न सकिन्छ। 2023 साल जनवरी 1 तारिखको मितिमा ओता सहरमा निवासी दर्ता भई कर उद्घोष गरेका व्यक्तिहरूले 2022 सालको आयको प्रमाण जारी गर्न सक्नेछन्।

[आवश्यक कुराहरू]

- स्वयम् काउन्टरमा आउने बेला
  परिचय खुल्ने कागजात (रेजिडेन्स कार्ड आदि)
- प्रतिनिधि काउन्टरमा आउने बेला
  - ■ अख्तियारनामा (जापानी भाषा बाहेक अन्य भाषामा लेखिएको भएमा, त्यसको जापानी भाषामा अनुवादित पत्र)
  - ■ प्रतिनिधिको परिचय खुल्ने कागजात

*अख्तियारनामाको पत्र होमपेजबाट डाउनलोड गर्न सकिन्छ।

[आवेदन लिने काउन्टर]

- ओता सहर कार्यालय 4F
- उपशाखा कार्यालय आदि

2023 साल जुन 9 तारिख (शुक्रबार) देखि

कर शाखा ☎ 03-5744-1192 FAX 03-5744-1515

## [निवासी कर भुक्तानीबारे]

चरण 1 को विशेष सहर निवासी कर तथा जिल्ला निवासी कर (निवासी कर) को भुक्तानी म्याद जुन 30 तारिख हो। चरण 2 को भुक्तानी म्याद अगस्ट 31 तारिख हो। नबिर्सीकन भुक्तानी गर्नुहुन अनुरोध गर्दछौं। कर भुक्तानी सम्बन्धी परामर्शको लागि ओता सहरको होमपेजमा हेर्नुहोस्।

ओमोरी ························ ☎ 03-5744-1200
च्योफु ························ ☎ 03-5744-1201
कामाता ························ ☎ 03-5744-1202
ओता सहर बाहिर ················ ☎ 03-5744-1203

सम्पर्क स्थानको लागि तपाईंले प्राप्त गर्नुभएको सूचना हेर्नुहोस्।

FAX 03-5744-1517
URL https://www.city.ota.tokyo.jp/seikatsu/zeikin/

## [नोभल कोरोनाको भ्याक्सिनबारे]




ओता सहरमा नोभल कोरोनाको भ्याक्सिन लगाउने कार्य भइरहेको छ। विस्तृत जानकारीको लागि तलको "आवेदन दिने ठाउँ (सम्पर्क स्थान)" मा सम्पर्क गरी सोधपुछ गर्नुहोस्।

भ्याक्सिन लगाउने सम्बन्धी नयाँ जानकारीको लागि ओता सहरको होमपेजमा गई निश्चय गर्नुहोस्।

ओता सहर नोभल कोरोनाको भ्याक्सिन कल सेन्टर
☎ 03-6629-6342
(सोमबार~शुक्रबार 8:30 am~5:15 pm
*शनिबार, आइतबार र बिदाको दिन बाहेक)

ओता सहर कोरोना भ्याक्सिन बहुभाषी दोभासे सेवा (नाम लेखाउन मद्दत गरिनेछ।)
☎ 03-6436-4731
(सोमबार~शुक्रबार 8:30 am~5:15 pm
*शनिबार, आइतबार र बिदाको दिन बाहेक)

## [काचु काइस्युको 200 औं वार्षिकोत्सव विशेष प्रदर्शनी]

~परिवाससँगको एदो कालको अन्त्यको समय घरमूलीको अनुपस्थितिमा घरको जिम्मेवारी सम्हाल्ने परिवारका सदस्यहरू~

जापान सामुराइ युगबाट नयाँ समाजमा परिवर्तन हुन खोजिरहेको युग, जापानको रक्षा गर्नको लागि कडा परिश्रम गरेका काइस्यु। कामको सिलसिलामा काइस्यु घरमा नहुँदा उनको परिवार र सहयोगीहरूको थाहा नभएका गतिविधिहरू र काइस्युसँगको सम्बन्धको खुलासा गरिनेछ। 2021 सालको क्राउडफन्डिङ प्रयोग गरी मर्मत गरिएको काइस्युको परिवारको पोर्ट्रेट तस्विर र नयाँ बनाइएको व्याख्या भिडियोमा ध्यान दिनुहोस्। प्रदर्शित सामग्रीहरूको व्याख्या गरिएको किताब पनि बिक्री गरिनेछ।



काइस्युको आमा काचुनोबुको पोर्ट्रेट तस्विर

2023 साल अप्रिल 21 तारिख (शुक्रबार)~अगस्ट 6 तारिख (आइतबार)
■ भवन खुला रहने समय 10:00 am~6:00 pm
*बन्द रहने दिन सोमबार (सोमबार सार्वजनिक बिदा भएमा, त्यसको भोलिपल्ट)
*नयाँ जानकारीको लागि ओता सहरको होमपेजमा गई निश्चय गर्नुहोस्।

काचु काइस्यु स्मारक भवन

■ भवनको टिकट शुल्क सामान्य टिकट 300 येन, प्राथमिक तथा निम्न माध्यमिक विद्यालयको विद्यार्थीको लागि 100 येन (विभिन्न प्रकारका छुटहरू उपलब्ध छन्)

☎ 03-6425-7608 FAX 03-6425-7610

# [ओता सहर कम्युनिटी साइकल]

ओता सहर कम्युनिटी साइकल भनेको जुनसुकै तोकिएको साइकल पोर्ट (साइकल पार्किङ स्थल) बाट पनि साइकल भाडामा लिन र फिर्ता गर्न सकिने सेवा हो। टोक्यो महानगरपालिका भित्रको 15 सहर भित्र भएमा, जुन सुकै साइकल पोर्टबाट पनि भाडामा लिन र फिर्ता गर्न सकिन्छ।



चौबिसै घण्टा प्रयोग गर्न सकिन्छ

टोक्यो महानगरपालिका भित्र लगभग 1,100 स्थानहरू (ओता सहर भित्र लगभग 130 स्थानहरू)

1 पटक सदस्य 165 येन/30 मिनेट
मासिक सदस्य 3,300 येन/महिना (प्रत्येक 30 मिनेट लम्ब्याइएको 150 येन)
1 दिनको पास 1,650 येन/दिन (प्रयोग दिनको 11:59 pm सम्म)

WEB साइटबाट सदस्य दर्ता

https://docomo-cycle.jp/tokyo/

शहरी पूर्वाधार विकास व्यवस्थापन शाखा
☎ 03-5744-1315
FAX 03-5744-1315
E-mail toshikan@city.ota.tokyo.jp

# [साइकल आदि त्यतिकै छोड्ने र त्यस्ता साइकलहरू हटाउनेबारे]



©Ota City

ओता सहरको नियम अनुसार हामीले सार्वजनिक स्थल (सडक वा पार्क, स्टेसन अगाडिको खुला ठाउँ जस्ता साइकल पार्किङ बाहेकका ठाउँहरू) मा साइकल नराख्नुहुन अनुरोध गर्दै आइरहेका छौं। साइकल पार्किङ गर्ने खण्डमा छोटो समयको लागि रोक्ने भए तापनि साइकल पार्किङ गर्ने ठाउँमा राखौं। हामीले नियम अनुसार स्टेसन अगाडिको केही स्थानलाई साइकल छोड्न निषेध इलाकाको रूपमा तोकी, त्यस्ता इलाकाहरूमा राखिएका साइकलहरू नियमित रूपमा हटाउने काम गरिरहेका छौं। सामान्यतया हटाइएका साइकलहरूलाई 30 दिनको अवधि भण्डारण केन्द्रमा राखिनेछ। भण्डारण म्याद बितिसकेको साइकललाई नष्ट गरिने हुनाले ध्यान दिनुहोस्। नियम र मर्यादाको पालना गरी त्यतिकै छोडिएका साइकलहरू नभएको सुरक्षित सहर बनाऔं।

शहरी पूर्वाधार विकास व्यवस्थापन शाखा
☎ 03-5744-1390
FAX 03-5744-1527

**साइकल आदि त्यतिकै छोड्न निषेध सम्बन्धी सूचना**

https://www.city.ota.tokyo.jp/seikatsu/sumaimachinami/jitensha/houchikinshi2.html

**त्यतिकै छोडिएको साइकल आदि भण्डारण केन्द्र**

https://www.city.ota.tokyo.jp/shisetsu/hokanjo/jitenshahokanjo.html

हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।

▼ विदेशी नागरिकहरूको लागि जानकारी

▼ बहुभाषी परामर्श काउन्टर

प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
ठेगाना 〒144-0052 ओता सहर कामाता 4-16-8 2F ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र
☎ 03-5744-1227 FAX 03-5744-1323